"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- २०८१/०८२
चलानी नम्बर :- १०६४

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०८१/१०/२९

श्री वडा कार्यालय सबै
परशुराम नगरपालिका ।

विषय : न्यूनतम रोजगारीका लागि निवेदन संकलन गर्ने सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०८२/०८३ मा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०८१ फागुन महिनाभित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम स्थानीय तहमा **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** अभियानको माध्यमबाट आर्थिक र सामाजिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन प्रोत्साहन गर्ने एवम आवश्यकता अनुसार निवेदन गर्न सहयोग उपलब्ध गराउने कार्यमा **जनप्रतिनिधि तथा नागरिक समाजले** वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालनमा सहयोग गर्नुहुन अनुरोध छ ।

निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को अनुसूची १ यसै पत्रसाथ संलग्न बमोजिम हुनुपर्ने छ । अत: बेरोजगार सूचीमा दर्ता हुन वडावासीहरुलाई जानकारी गराई, सुचना टाँस गरी निवेदक स्वयंलाई उपस्थित गराई पूर्ण तथा यथार्थ विवरण रहेको सुनिश्चित गरी र हाल रोजगारीमा संलग्न भइरहेका बेरोजगार व्यक्तिले प्राप्त गरेको रोजगारी दिन निवेदनमा उल्लेख गराइ आवेदन संकलन गर्नुहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## निवेदन दर्ताको लागि आवश्यक कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ प्रति,
२. अनुसुची १ बमोजिमको सम्पूर्ण तथा यथार्थ विवरणहरु उल्लेख भएको निवेदन -१ प्रति,
३. आवेदन चालु आ.व.मा पनि बेरोजगार सूचीमा सुचिकृत भएमा आवेदनमा लाभग्राही परिचयपत्र नं. समेत अनिवार्य उल्लेख गर्ने र काम गरेको भए काम गरेको दिन उल्ल्ख गर्ने,
४. निवेदन दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो,
५. निवेदन दिने व्यक्तिको एकाघर परिवारका सबै सदस्यहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि । नाबालकको हकमा जन्म दर्ताको प्रतिलिपि,
६. निवेदक दिने व्यक्तिले कुनै सिपमुलक तालिम लिएको भए तालिमको प्रमाणपत्रको प्रतिलिपि,
७. निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि,
८. निवेदक भुमिहिन वा सुकुम्बासी भएमा सो व्यहोरा खुल्ने प्रमाणपत्र/कागजातको प्रतिलिपि,
९. निवेदकले आफ्नो एकाघर परिवारको सम्पुर्ण सदस्यको नाम थर ना. प्र. नं., ना. प्र. जारी मिति, जारी जिल्ला शैक्षिक योग्यता ,सामाजिक सुरक्षा भत्ता लिइरहेको / नरहेको आदि विवरणहरु अनिवार्य रुपमा फारममा उल्लेख गरेको हुनु पर्ने छ ।

१/१०/२९.
कल्पना भट्ट
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**नोट:** उपरोक्त विवरणहरु गलत वा अपूर्ण भएमा EMIS मा प्रविष्टी गर्दा फारम स्वत: रद्द हुने जानकारी गरिन्छ ।

## अनुसूची १

(प्रधामन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

### बेरोजगार दर्ताका लागि दिने निवेदन

(मिति २०७८/११/११ गते मा .मन्त्रीस्तरको निर्णायानुसार संसोधित)

श्री वडा कार्यालय, मितिः ..........................

वडा नं ..... नगरपालिका / गाउँपालिका ......................................., ................................ जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार स्थानीय तहद्वारा संचालित न्यूनतम / प्रदेश सरकार / रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थरः** ........................................................................................................

२. **लिङ्गः** (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरणः**

(अ) **वर्ग / समूह** : (तपाई आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिबासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य ......... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) **अल्पसंख्यक समूदाय** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(इ) **लोपोन्मुख जनजाती** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(ई) **सीमान्तकृत वर्ग** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो? ) हो होइन

(उ) **परिवारको संख्याः**

१. **महिलाः** ................. **पुरुषः** ................ **अन्यः** ................. **जम्माः** ..........................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्याः ..........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य** (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नाम: ........................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
२. नाम: ........................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
३. नाम: ........................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? [ हो ] [ होइन ]

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: .................... महिना वा सुत्केरी भएमा :...................... महिना

४. स्थायी ठेगाना: प्रदेश: .......................... जिल्ला: ................................ न.पा. / गा.पा.: .......................... वडा नं.: .........

५. सम्पर्क विवरण (उपलव्ध भए सम्म) मोबाइल नं. .............................................. इमेल: ...........................................

६. आवेदकको सुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस्):

| क.सं. | पेशा | | क.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य ........................................ | |

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : ............................................ दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. ...............................

९. आवेदक कृषिमा वा ज्याला मजदुरी गर्ने परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

क) कृषि उत्पादन वा ज्याला मजदुरीले कति महिना खान पुग्दछ ? ............................... महिना

१०. निवेदन भूमिहिन वा सुकुम्बासी हो ? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१२. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक

[ छ ] [ छैन ]

अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु ..................................................................... ...........................................

....................................................................... ........................................................... ........................................ ................................. ..............

....................................................................... ........................................................... ........................................ ................................. ..............)

१४. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क्र. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१५. परिवारको वार्षिक आय: रु. ........................................ (अक्षरेपी ................................................................................................................................)

१६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस् ) ☐ छु ☐ छैन

१७. सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष |
|---|---|
| | |
| | |

१८. काममा खटिन चाहेको सम्भावित समय: ............................ महिना देखि ......................... महिना सम्म

१९. बैंक खाताको विवरण (उपलब्ध भएमा) बैंकको नाम: ..........................................................

बैंकको ठेगाना: ....................................... खाता नंबर: ..........................................खाताको प्रकार: ................

.20 निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्।)

क) लाभग्राही परिचय पत्र नंबर ............................................................

२१. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २२ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

देश ......................................................... पासपोर्ट नं ..................................... .

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ..................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

२२. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: .......................................... मिति: .......................................... हस्ताक्षर ....................................

| | |
|---|---|
| [ ] | [ ] |
| दायाँ | बाँया |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: .............................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ………………………………………………… हस्ताक्षर ……………………………………